# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८२ साल भदौ ०९ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश सचिवहरु: श्री मोतिराम सापकोटा (क.स.नं.१८५०२८) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्री विनोद लामिछाने (क.स.नं.१५८५३९) युवा तथा खेलकुद मन्त्रालय र श्री चुर्ण बहादुर ओली (क.स.नं.१७३६२५) उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा प्रदेश सचिवको पदमा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश निजामती सेवा पुरस्कार छनोट सम्बन्धी मापदण्ड, २०८२ स्वीकृति गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने ।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश सरकार अन्तर्गतका संरचनाहरूका लागि गत आ.व. बमोजिमनै हुने गरी चालु आ.व. २०८२/८३ को प्रथम त्रैमासिकका लागि अस्थायी संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेश सचिवका लागि आवास सुविधा निरन्तरता दिने।

६. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** प्रदेशको राजधानी क्षेत्रको जग्गाको कित्ताकाट फुकुवा गर्ने ।

७. **आन्तरिम मामिला तथा कानून मन्त्रालयः** सञ्चार माध्याम सम्बन्धी ऐनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको अवधारणापत्र स्वीकृत गर्ने ।

८. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** नुवाकोट सांस्कृतिक डबली सञ्चालन तथा व्यवस्थापन गर्नको लागि तिनाउ गाउँपालिका,पाल्पालाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने ।

९. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** अष्ट्रेलियाको बेन्डिगोस्थित द ग्रेट स्तूपा अफ युनिभर्सल कम्प्यासनसँग औपचारिक सम्बन्ध स्थापना तथा Baby Buddha प्रतिमा स्थापना गर्ने ।

१०. **कृषि,भूमी व्यवस्था तथा सहकारी मन्त्रालयः** भूमी व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

११. **सामाजिक विकास मन्त्रालयः** दलित समुदायको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्तावका सम्बन्धमा मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने ।

१२. **स्वास्थ्य मन्त्रालयः** प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन,नविकरण तथा स्तरोन्नति (छैटौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्तावका सम्बन्धमा मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्ने ।